आज मिति २०७९ साल चैत्र २० गते सोमबारका दिन प्रमुख जिल्ला अधिकारी श्री अनिता निरौलाको संयोजकत्वमा राजमार्ग अवरोध हटाउने जिल्ला स्तरीय समन्वय समितिको बैठक बसी देहाय बमोजिमको पदाधिकारीका उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री अनिता निरौला, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रामेछाप | -संयोजक |
| २. | श्री दिपक टण्डन क्षेत्री, प्रमुख सेनानी, नया गोरख गण रामेछाप | -सदस्य |
| ३. | श्री होम बहादुर पराजुली, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, रामेछाप | -सदस्य |
| ४. | श्री मुरारी अधिकारी, सशस्त्र प्रहरी नायव उपरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म | -सदस्य |
| ५. | श्री निर्मल पौडेल, प्रमुख अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रामेछाप | -सदस्य |
| ६. | श्री हरि प्रसाद चापागाई, प्रमुख प्रशासकीय अधिकृत, मन्थली नगरपालिका कार्यालय | -सदस्य |
| ७. | श्री विमल प्रसाद भट्टराई, कार्यालय प्रमुख, यातायात कार्यालय, खुर्कोट | -सदस्य |
| ८. | श्री दिपक प्रसाद चौलागाई, ट्राफिक प्रमुख, ट्राफिक कार्यालय, रामेछाप | -सदस्य |
| ९. | श्री सुवास फुयाल, प्रतिनिधि, पूर्वअरनिको यातायात समिति, | -सदस्य |
| १०. | श्री अनोज कुमार घिमिरे, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, | -सदस्य-सचिव |

**निर्णयः-**

१. यस अघि भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाका बारेमा समीक्षा गरियो।

२. राजमार्ग तथा सहायक मार्गमा चल्ने सवारी साधनहरुलाई सवारी गति, ध्वनी आदीका सम्बन्धमा सचेत गराउन यातायात व्यवसायी तथा ट्राफिक प्रहरी कार्यालयले सवारी चालक तथा यात्रुहरुमा सचेतना जगाउने कार्य गर्न आवश्यक व्यवस्था मिलाउने।

३. राजमार्गमा भएका ट्राफिक नियमका चिन्ह, विश्राम स्थलहरु, Zebra Crossing, lining, lane अनुशासन लगायतका चिन्हहरु समय समयमा मर्मत स्याहर नगर्दा जीर्ण हुन जाने र बिभिन्न किसिमका दुर्घटना समेत हुन सक्ने सम्भावना रहेकोले यसको नियमित मर्मत सम्भारका लागि सरोकारवाला निकायमा अनुरोध गर्ने। साथै केहि स्थानमा नयाँ ट्राफिक चिन्ह वा विश्राम स्थल राख्नु पर्ने देखिएमा सो का लागि समेत सम्बन्धितले सम्बन्धित निकायहरुसँग समन्वय राख्ने।

४. राजमार्गमा हुने दुर्घटना न्यूनीकरणका लागि नियमित मापसे/लापसे/Rader Gun/लाइसेन्स लगायतका चेकजाँचलाई तिब्रता दिने।

५. राजमार्गमा हुने दुर्घटना, ट्राफिक नियमको पालना, सवारी गति लगायतका विषयमा सम्बन्धित सबैको जानकारीको लागि बिभिन्न सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने। यसमा यातायात व्यवसायी, नेपाल प्रहरी, ट्राफिक प्रहरीले आपसी समन्वयमा कार्यक्रम सञ्चालन गरी आम जनमानसको समेत सहभागिता गराउने।

६. राजमार्ग क्षेत्रमा सवारी साधनबाट जथाभावी फोहोर फ्याक्ने कार्य समेत भईरहेकोले सोको निराकरणका लागि सम्बन्धित स्थानीय तहले उक्त स्थानहरु पत्ता लगाई फोहोर राख्नका लागि कन्टेनरहरुको व्यवस्था गर्ने।

७. जिल्लामा सञ्चालनमा रहेका सडकहरुलाई नियमित सञ्चालन तथा मर्मत सम्भारका लागि सरोकारवाला सबै निकायसँग आवश्यक पहल गर्ने।

८. बढ्दो सहरीकरण, अत्याधिक सवारीसाधनहरुले गर्दा बजार क्षेत्रको अस्त व्यस्त पार्किङ्गलाई सम्बन्धित स्थानीय तहहरुले व्यवस्थित पार्किङ्ग क्षेत्रको व्यवस्थित गर्न अनुरोध गर्ने।

९. मन्थली देखि खुर्कोट सम्मको सडकको बिभिन्न खण्डमा मर्मतको कार्य भई रहेकोमा निर्माण सामग्रीले सवारी साधन आवत-जावतमा असजिलो भएको र वर्षातको समय सुरु हुन लागेकोले सम्बन्धित कार्यालय मार्फत निर्माण व्यवसायीलाई यथाशीघ्र कार्य सम्पन्न गर्न लगाउने।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन